वागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला हेलम्बु गा.पा. वडा नं. १, अम्वाथान देखि काठमाडौ. जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. १, सुन्दरीजल सम्म सुरुङ निर्माण मेलम्ची नदीको पानी काठमाडौं पुऱ्याई काठमाडौ उपत्यकाको वासिन्दालाई खानेपानी व्यवस्थापन गर्ने उद्देश्यका साथ सञ्चालित राष्ट्रिय गौरवको आयोजना, मेलम्ची खानेपानी आयोजनाको वातावरणीय प्रभाव अध्ययन मूल्याङ्कनको प्रतिवेदन स्वीकृत गरि सोही प्रतिवेदनको अधिनमा रहि शुरु भएको आयोजनाबाट स्थानीय वासी तथा बढी पिडितलाई परेको समस्या समाधानका लागि मेलम्ची खानेपानी आयोजनाको कारण जनधनको क्षति व्यहोरेका हामी सम्पूर्ण हेलम्बु बासीको तर्फबाट आयोजनालाई बुँदागत रुपमा निम्नानुसारका कार्य यथासिघ्र निर्णय गरि कार्यन्वयन गर्न जोडदार माग गर्दछौं ।

१. २०७८ साल असार १ गतेका दिन मेलम्ची नदीमा आएको बाढी भेमाथाङ देखि आलामाराङ भिरसम्म प्राकृतिक हिसावले आएको तर मेलम्ची आयोजनाको मुहान स्थलमा आयोजनाको वातावरणीय प्रभाव अध्ययन मूल्याङ्कन प्रतिवेदन विपरित काम गरि सुरुङ भित्रको सामग्री सुरक्षित स्थानमा व्यवस्थापन नगरी कार्य सञ्चालन गरेकाले बाढी अप्राकृतिक हुनका साथै त्यही असार १ गते सुरुङको पानी नदीमा खोलेको र बाढी सुरुङ भित्रको पानी र सुरुङको सामग्रीका कारण मुहान भन्दा तलको क्षेत्रमा क्षति बढी हुनुको मुल कारण मेलम्ची आयोजना नै हो ।

२. मेलम्ची आयोजनाकै कारण बाढीबाट जनधनका क्षति व्यहिरेका पीडितहरुले आयोजनासँग क्षतिपूर्ति माग गर्ने तथा आक्रोष पोख्ने कार्य गर्न सक्ने भनी तत्कालिन सरकारले मेलम्ची खानेपानी वोर्ड खारेज गरी दियो ।

३. प्राकृतिक हिसावले आएको भेमाथाङ देखि आलामाराङ भिर भन्दा माथि खोलाको आसपासमा दायाँबायाँ प्रकृतिक रुपमा उत्तिस बिरुवा उम्री हरियाली भैसकेको तर आयोजना स्थलको मुहान भन्दा तल हालसम्म सिठ्ठोसम्म नउम्रेकोलाई प्रमाणको रुपमा लिदै मेलम्ची आयोजना नै प्रमुख कारण मन्नु पर्ने हुन्छ ।

४. मेलम्ची आयोजनाको मुहान क्षेत्र हेलम्बुको पवित्र खिनजामु क्षेत्र हो जहाँ भुमेदेवीको पवित्रवास स्थान भएको र गाउँलेको समस्यामा भोज भतेरको सामग्री समेत उपलब्ध गराउने गरेको र पछि गाउँले कुनै दिन जुठै बुझाएपछि भुमेदेवीले सामग्री दिन छोडेको किम्वदन्ती भएको पवित्र स्थानमा पशुहत्या गरि मुहान क्षेत्रमा सुरुङ भित्रबाट दूषित काम गरेकोले प्रकृतिक प्रकोप वढेको हाम्रो ठहर रहेको छ ।

## <u>भेलाको प्रस्ताव तथा मागका विषयवस्तुहरु</u>

१. मेलम्ची खानेपानी आयोजनाका कारण मेलम्ची सुरुङबाट निकालेको ढुंगामाटो खोलाको छेउमा भण्डार गरेकोले सोहि स्थानमा सिमेन्ट तथा केमीकलका स्टोर खोलाकै किनारमा गरेको, सयौंका संख्यामा पुरानो गाडीहरु र काम नलाग्ने फलामे रडहरु अव्यवस्थित तरिकाले राखिएकोले २०७८ साल असार १ गतेमा आएको मेलम्ची खोलाको भिषण बाढीले मानिसहरु खोलाले बगाएर बेपत्त भएको र श्रावण १६ र १७ गते गएको भिषण बाढीमा परि ३१० घरधुरी बाढीले बगाएर क्षति गरेको र यसको साथसाथै हजारौ रोपनी खेती योग्य जमिनहरु सिमेन्टका

केमिकल, मोकिङहरु पानीले बगाउन नसकेर खोलाको उच्चता बढी जमिन पुरेर खेती गर्न नहुने अवस्थमा पुगेको ।

**<u>माथि उल्लिखित बमोजिम बाढीले बगाएका व्यक्तिहरुको पुरा नाम थर ठेगाना</u>**

| क्र.सं. | खोलाले बगाएको व्यक्तिहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | ज्ञानेन्द्र काक्षपत्ति | हेलम्बु गा.पा.७, सिन्धुपाल्चोक |
| २ | सुनिल लामा | हेलम्बु गा.पा.१, सिन्धुपाल्चोक |
| ३ | कामी तामाङ | हेलम्बु गा.पा.१, सिन्धुपाल्चोक |
| ४ | पुर्णा तामाङ | हेलम्बु गा.पा.१, सिन्धुपाल्चोक |
| ५ | तासवीर तामाङ | हेलम्बु गा.पा.१, सिन्धुपाल्चोक |
| ६ | माइली तामाङनी | हेलम्बु गा.पा.१, सिन्धुपाल्चोक |
| ७ | माधव प्रसाद भण्डारी | हेलम्बु गा.पा.२, सिन्धुपाल्चोक |
| ८ | गणेश ज्योति | हेलम्बु गा.पा.२, सिन्धुपाल्चोक |
| ९ | टिका देवी खड्का | हेलम्बु गा.पा.३, सिन्धुपाल्चोक |
| १० | चेङा तामाङ | हेलम्बु गा.पा.६, सिन्धुपाल्चोक |
| ११ | काली तामाङ | हेलम्बु गा.पा.६, सिन्धुपाल्चोक |
| १२ | भिम प्रसाद भण्डारी | हेलम्बु गा.पा.६, सिन्धुपाल्चोक |
| १३ | हेलम्बु रेम्बो ट्राउटमा काम गर्ने कर्मचार २ जना | |
| १४ | भण्डारी रिसोर्टकामदार १ जना | |

**माथि उल्लेखित मृत प्रत्येक व्यक्तिहरुको नाममा रु १०,००,०००।– (अक्षेरुपी दश लाख रुपैया) दिनु पर्ने माग गर्दछौं ।**

२. मेलम्ची नदि आसपासमा बाढी भन्दा अगाडि भएका खेती योग्य जमिनलाई नदि दिर्घकालिन सोचका साथ पुरानै डोवमा फर्काई खेति योग्य जमिनलाई पुनः उत्पादनशिल बनाउन यथशिग्र काम अगाडि बढाईनु पर्ने साथै पिडितका जग्गाहरु प्राविधिक हिसाबले कित्ताहरु छुट्टयाई दिनु पर्ने ।

३. मेलम्ची नदिको बाढीले पिडितलाई थप पिडा थप्नुमा मेलम्ची खानेपानीको मुहानमा अव्यवस्थित व्यवस्थापन मुख्य करण रहेको हुँदा बाढीबाट प्रभावित विभिन्न व्यवसायलाई पुनस्थापनाका लागि आवश्यक सहयोग गर्नु पर्ने ।

४. २०७८ असार १ गते र साउन १६ र १७ गते बाढीबाट बगाएका सयौको घर, दसौ हजार रोपनी खेतीयोग्य जमिन तथा सिंचाई कुलो, साथै त्यस भेगमा उद्योगिक व्यवसायीक रुपमा राइस मिल, घट्टा हते कागज, होटेल तथा रिसोर्ट, रेम्बो ट्राउट माछा पालन, पसल, फर्निचार, सवमिल, कपडा पसल, हर्डवेयर, कृषि तथा पशु फर्म, सरकारी विद्यालय, प्रहरी चौकी, हेलम्बु गाउँपालिका वडा नं. २ कार्यालय भवन, मसान पार्टीहरु, झोलुङ्गे पुलहरु, पक्की पुलहरु लगायत विभिन्न व्यवसाय गरी अनुमानीत बिस अर्बको क्षति पुऱ्याई घरबास विहिन बनाईएको हुँदा पिडितहरुलाई मेलम्ची खानेपानी आयोजना र नेपाल सरकारबाट आयआर्जन जिविका उपार्जनका लागि विभिन्न व्यवसाय सञ्चालन गर्नका लागि न्युनतम दस अर्ब रुपैयाँ शुन्य व्याजमा पच्चिस बर्षको लागि ऋण व्यवस्था गरिदिनु पर्ने ।

५. मेलम्ची नदिमा गएको बाढी भन्दा अगाडि बैंकबाट कर्जा लिई बनाएका घर र सञ्चालन गरेका व्यवसायका ऋण मिनाहा गर्नु पर्ने ।

६. बाढीका कारण बगाएका घर पुनः निर्माण र व्यवसाय स्थापित भैसकेपछि त्यस्ता घर तथा व्यवसाय, **विद्यालय, गुम्बा, मन्दिर** आयोजनाले विमा गरी सुरक्षाको प्रत्यभुति गराउनु पर्ने ।

७. बाढि प्रभावित क्षेत्रका समुदायको परिवारका सदस्यको जिवन विमा गराउनु पर्ने । **साथै आइएलओ १६९ को पालना गर्नु पर्ने ।**

८. मेलम्ची नदि र आयोजनाको अव्यवस्थित व्यवस्थापनका कारण भत्किएको मेलम्ची आयोजनाको मूल मेलम्ची–किउल–आम्बाथाङ सडकमार्ग सविक कै स्थानबाट दिगो रुपमा निर्माण गरि यातायातको व्यवस्थापनलाई बाह्रै माहिन सरल र सहज रुपमा चल्ने बनाइनु पर्ने साथै स्थानीय शाखा सडकहरुलाई पिच गर्नु पर्ने, **साथै मेलम्ची नदी करिडोर एकीकृत विकास परियोजना लागू गर्नु पर्ने ।**

९. मेलम्ची नदिमा गएको बाढीका कारण वगाएका सरकारी तथा सामुदायिक भवन लगायत अन्य संरचना तुरुन्त निर्माण गर्नुपर्ने ।

१०। मेलम्ची नदीका पानी काठमाडौं लागेर दान गरेको नभई बिक्री गरेकोको हुनाले उपभोक्तालाई उक्त पानी विक्री गरे बापत बिक्री भएको रकमको २५% रकम लेबी वापत उपलब्ध गराउनु पर्ने ।

११. मेलम्ची खानेपानी आयोजनाले मेलम्ची नदीको पानी काठमाडौ लगी खानेपानीको समस्यालाई पुर्ति गराई काठमाडौका वासिन्दा र समुदायलाई खुसी पार्ने तर मेलम्ची खानेपानी मुहान क्षेत्रमा बस्ने समुदायहरुको जायज माग पुरा नगरि आयोजनाले लिने र दिने बीच विवेदपूर्ण व्यवहार गरेकाले पानी दिने समुदायलाई खुसी पारी काठमाडौमा खानेपानी लैजान जोडदार

माग गर्दछौं । साथै मेलम्ची खानेपानी आयोजनाद्धारा बाढी पिडित सङ्घर्ष समितिले जनसमुदायहरुको मागलाई सम्बोधन नभएसम्म आयोजनाको काम बन्द गरिदिनुहुन अनुरोध गर्दछौं।

१२. २०७८ असार १ गते र साउन १६ र १७ गतेको बाढीले बगाएको घरहरुलाई पनि क्षतिपूर्ति वापत प्रति घर २०,००,०००।– (बिस लाख रुपैयाँ) अनुदान स्वरुप दिनु पर्ने माग गर्दछौं ।

१३. नेपाल सरकारले मेलम्ची खानेपानी आयोजना लाई देखाई एसियाली विकास वैंकबाट प्राप्त गरेको ऋण तथा अनुदान उक्त क्षेत्र र उक्त क्षेत्रका समुदायको स्तर उन्नतीमा लगानी नगरेको हुँदा उक्त ऋण तथा अनुदानहरुलाई प्रवाभित क्षेत्र र क्षेत्रको पुनःसंचरनामा तत्काल प्रयोग/लगानी गर्नु पर्ने जोडदार माग गर्दछौं।

१४. नेपालमा बढ्दो जलवायु परिवर्तनको प्रभावको विषयमा सम्मानीय प्रधानमन्त्री पुष्प कमल दहालले दुवईमा आयोजना भएको अन्तराष्ट्रिय जालवायु सम्मेलनमा नेपालको तर्फबाट सम्बोधन गर्दा मेलम्ची खोलामा आएको बाढी जलवायु परिवर्तन प्रभावका कारण भएको जनाउनु भएकोले सम्बन्धित निकायले वातावरणीय प्रभाव अध्ययन मूल्याङ्कनको आधारमा तथ्याङ्क सक्लन गरि घर तथा व्यवसायको पुनःस्थापन गर्न जोडदार माग गर्दछौं ।

१५. मेलम्ची खानेपानी आयोजनामा सरुङ खानेको कारण सुरुङ माथिका खानेपानी मुहानहरु सुकेर सुरुङ भित्र निस्किएकोले कम्तीमा दैनिक ४ करोड लिटर जम्मा भएको पानीहरुले निकाष नपाउँदा सुरुङ फुट्न सक्ने सम्भावना भएकाले पुनः त्यस भेगमा ठूलो विपद आउने सम्भवान बढेर गएको छ । साथै, सुरुङ माथिका जग्गा जमिनलाई हिजोको जस्तो खेतीपाती लगाउँदा अन्नाबाली घटेर गएको हुँदा त्यस बारेमा सरकारको पूर्ण ध्यान जाओस भन्ने ध्यान आकर्षण गर्दछौं ।

१६. मेलम्ची खानेपानी विकस समितीले अहिलेसम्म आयोजना निर्माणमा गरेको लगानी शिर्षक बुदुगत रुपमा प्रभावित समक्ष यथासिघ्र सार्वजनिक गर्नुपर्ने ।

१७. मेलम्ची खानेपानी वाढिपिडित सर्घष समितीको आन्दोलन मेलम्ची खानेपानी आयोजनाले क्षति पुर्यएको र हामीले माग गरेका बुदाहरु हुवहु पुरा नभए सम्म आन्दोलन जारी रहने समेत जानकारी गराउदछौं ।